आज मिति २०८१ साल माघ ६ गते आईतबारका दिन दिउसो ११ बजे यस कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा तपसिलका विषयमा छलफल गर्नको लागि कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थितिः

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेशचन्द्र श्रेष्ठ | नगर प्रमुख | |
| २ | गिता खड्का | नगर उप प्रमुख | |
| ३ | पदम लाल मगर | १ नं. वडाध्यक्ष | |
| ४ | प्रेम बहादुर क्षेत्री | २ नं. वडाध्यक्ष | — |
| ५ | पुष्कर खड्का | ३ नं. वडाध्यक्ष | |
| ६ | भुपेन्द्र सिंह तामाङ्ग | ४ नं. वडाध्यक्ष | |
| ७ | मोहन बहादुर तामाङ्ग | ५ नं. वडाध्यक्ष | — |
| ८ | प्रेम बहादुर मगर | ६ नं. वडाध्यक्ष | |
| ९ | सुविन ढुङ्गाना | ७ नं. वडाध्यक्ष | |
| १० | नविन्द्र कुमार तामाङ्ग | ८ नं. वडाध्यक्ष | |
| ११ | बेग बहादुर आले मगर | ९ नं. वडाध्यक्ष | |
| १२ | क्षेत्र बहादुर खड्का | १० नं. वडाध्यक्ष | |
| १३ | अनन्त हायु | ११ नं. वडाध्यक्ष | |
| १४ | यम्बर बहादुर कटुवाल | १२ नं. वडाध्यक्ष | यम्बर |
| १५ | शम्भु श्रेष्ठ | १३ नं. वडाध्यक्ष | |
| १६ | अम्बर बहादुर मगर | १४ नं. वडाध्यक्ष | — |
| १७ | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८ | भगवती अधिकारी | कार्यपालिका सदस्य | |
| १९ | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१ | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | — |

| | | | |
|---|---|---|---|
| २२ | हेम कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| २३ | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४ | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५ | राजमणि निरौला | प्रमुख प्रशासकीय अधिकृत | |
| २६ | सुरेश कुमार दाहाल | जनस्वास्थ्य अधिकृत | |
| २७ | परेक बहादुर वुढा | लेखा अधिकृत | |
| २८ | सन्जु कुमारी दाहाल | शिक्षा अधिकृत सातौं | |
| २९ | राजेश ढुङ्गाना | प्रशासन सहायक, सहायक पाँचौ | |
| ३० | रोशन कार्की | सूचना प्रविधि अधिकृत | |

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

मिति २०८१ माघ ६ गतेको कार्यपालिका बैठकका प्रस्तावहरुः

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

१. कर्मचारीहरुको तह वृद्धि सम्बन्धमा।

२. वार्षिक समिक्षा कार्यक्रमको मिति तोक्ने सम्बन्धमा ।

३. चौधौं नगर सभाको मिति तोक्ने सम्बन्धमा ।

४. विविध सम्बन्धमा।

क.अक्षयकोष स्थापना स्वीकृति

ख.संस्थागत विद्यालय छात्रवृति मापदण्ड, २०८१

ग. पुस्तक खरिद सम्बन्धमा ।

घ.बजेट सुनिश्चित गर्ने सम्बन्धमा ।

ङ.प्रशासकीय भवन उद्घाटन गर्ने सम्बन्धमा ।

च. आर्थिक सहायता सम्बन्धमा ।

छ.पारिश्रमिक सम्बन्धमा ।

निर्णयहरु:

१. स्थानीय सरकारी सेवा(गठन तथा सञ्चालन)ऐन, २०८० को दफा २७ को उपदफा ०४ बमोजिम तहवृद्धिका लागि सिफारिस गर्न गठित तहवृद्धि सिफारिस समितिको मिति २०८१ पौष २९ गतेको बैठकबाट तहवृद्धि गर्न सिफारिस भई पेश भएका साथै श्री प्रदेश लोक सेवा आयोग, विराटनगरको च.नं.४८२ मिति २०८०।१०।२४ गतेको पत्रानुसार आयोगको निर्णय नं. ०१ को बुँदा नं.२ अनुसार आयोगको तहवृद्धिका लागि सहमति रहेको जानकारी भएको र श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगरको च.नं.२४५३, मिति २०८१।०९।१८ गतेको तहवृद्धिको लागि राय परामर्श सम्बन्धी प्राप्त भई आएको हुँदा स्थानीय सरकारी सेवा(गठन तथा सञ्चालन)ऐन, २०८० को दफा २७ को उपदफा ०४ को उपदफा ०५ बमोजिम तथा कटारी नगरपालिकाको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१को दफा ५ बमोजिम मिति २०८१/१०/०१ गतेदेखि जेष्ठता कायम हुने गरी स्थानीय सरकारी सेवा(गठन तथा सञ्चालन)ऐन, २०८० को दफा २६ को उपदफा ३ बमोजिम अधिकृतस्तर छैठौं तहबाट सातौ तहमा तह मिलान भएका तपसिलका सातौं तहका कर्मचारीहरुको र पाँचौं तहका कर्मचारीहरुको तहवृद्धि गर्ने निर्णय गरियो।

तपसिल:

| क.स. | नाम,थर | सेवा, समूह, उपसमूह, | हालको पद/तह | तह वृद्धि हुने पद/तह |
|---|---|---|---|---|
| १. | संतोष कुमार साह | इन्जिनियरिङ्ग सेवा, सिभिल समुह | इन्जिनियर/अधिकृतस्तर सातौं तह | इन्जिनियर/आठौं तह |
| २. | बिवश कार्की | प्रशासन सेवा, सामान्य प्रशासन समुह | सहायकस्तर पाँचौ तह | अधिकृत/ छैठौं तह |
| ३. | परेक बहादुर बुढा | प्रशासन सेवा, लेखा समुह | लेखा अधिकृत, अधिकृतस्तर सातौं तह | लेखा अधिकृत, आठौं तह |
| ४. | अरुण हमाल | इन्जिनियरिङ्ग सेवा, सिभिल समुह | इन्जिनियर/अधिकृतस्तर सातौं तह | इन्जिनियर/ आठौं तह |
| ५. | सरिता कुमारी बुढाथोकी | नेपाल स्वास्थ्य सेवा, कम्युनिटी नर्सिङ/प.हे.न. | सि.अ.न.मी, सहायकस्तर पाँचौ तह | सि.अ.न.मी.निरीक्षक, छैठौं तह |

२. कटारी नगरपालिकाको आ. व. २०८०/८१ को लागि वार्षिक समिक्षा कार्यक्रम मिति २०८१/१०/१३ गते विहानको ११ बजे कटारी नगरपालिकाको सभा हलमा राख्ने निर्णय गरियो ।

३. कटारी नगरपालिकाको आ. व. २०८१/८२ को चौधौ नगरसभा मिति २०८१/१०/२८ गते विहानको ११ बजे राख्ने निर्णय गरियो ।

४. विविध

क) श्री चुरिया आ.वि.च्याँगा कटारी नगरपालिका वडा नं. ३ मा रुद्र प्रसाद दाहाल स्मृति अक्षयकोष स्थापना र सञ्चालनका लागि विद्यालयबाट स्वीकृति माग भएकोमा नगर शिक्षा समितिको मिति २०८१/०९/१८ गतेको सिफारिस बमोजिम स्वीकृति दिने भनी सर्वसम्मतिले निर्णय पारित गरियो ।

ख) यस नगरपालिकाको लागि "संस्थागत विद्यालय छात्रवृति मापदण्ड, २०८१" स्वीकृत गर्ने निर्णय गरियो ।

ग) राष्ट्रिय आविष्कार केन्द्रका प्रमुख कृषि औजार कारखाना, विरगंजका संचालकका डा. महावीर पुनबाट लिखित "महावीर पुन" आत्मकथा किताब रु. १,००,००० नबढ्ने गरी खरिद गर्ने र सो किताब केहि थान कटारी नगरपालिकाको लाईबरीमा राखे र केहि थान नगरपालिकाका विद्यालयहरुमा हस्तान्तरण गर्ने निर्णय गरियो।

घ) कटारी नगरपालिकाको वडा नं. १ मा १ थान ट्रान्सफरलाई बजेट सुनिश्चितता गरी खरिद गर्ने निर्णय गरियो।

ङ) कटारी नगरपालिकाको प्रशासकीय भवन उद्घघाटन यही मिति २०८१ माघ २५ वा २६ गते गर्ने निर्णय गरियो साथै उक्त भवन उद्घघाटनको लागि सम्माननीय प्रधानमन्त्री ज्यूलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

च) तपसिल बमोजिमका व्यक्ति/संस्थाहरुलाई तपसिल बमोजीमको आर्थिक सहायता दिने निर्णय गरियो।

**तपसिल**

| सि. नं. | नाम | ठेगाना | प्रकार | सहयता प्रकार |
|---|---|---|---|---|
| १ | भक्तलाल मगर | कटारी-११ | मेरुदण्ड भाचिएको | रु.२५००० |
| २ | प्रताप सिं तामाङ्ग | कटारी-४ | घाँटी सम्बन्धी विरामी | रु.१५००० |
| ३ | सिता कुमारी मगर | कटारी-१२ | ब्रेन ह्याम्ब्रेज | रु.२५००० |

छ. कटारी नगर अस्पतालमा करार सेवामा कार्यरत तपसिलका सफाई श्रमिकहरु/कर्मचारीहरुको पारिश्रमिक व्यवस्थापनको लागि नेपाल सरकारले तोकेको श्रमिकहरुले पाउने न्यूनतम पारिश्रमिक उपलब्ध गराउन नगर सभामा स्वीकृतीको लागि पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि. नं. | नाम | कार्यरत कार्यालय |
|---|---|---|
| १ | फूल कुमारी मल्लिक | कटारी नगर अस्पताल, कटारी नगरपालिका, उदयपुर । |
| २ | मुना राई | |
| ३. | रत्ना मगर | |

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख